नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-५०५, दायर मिति-: २०८०/०१/०४

फैसला मिति- २०८१।०२।१४

| वादी | प्रतिवादी |
|---|---|
| पुनम गुप्ताको जाहेरीले | पवन रौनियार गुप्ता भन्ने पवन गुप्ता |
| नेपाल सरकार.........................१ | समेत ९ जना........................१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीहरुले बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त।

२. प्रतिवादीहरुले बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका किरण कुमार कलवार समेतको घटनाविवरण कागज ।

४. प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको बयान ।

५. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।

६. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

## ठहर-खण्ड

यसमा मिति २०७९।१०।१२ गते अ.२०:०० बजेको सममयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.९ स्थित सरस्वती पुजाको प्रसाद ग्रहण गरी रहेको अवस्थामा प्रतिवादीहरु रबि कुमार रौनियार, पवन रौनियार गुप्ता, शिवजी प्रसाद गुप्ता, रबि कलवार, भोला साह कलवार, बिरजुलाल रौनियार, रोशन सर्राफ, राजु गुप्ता, संतोष ठाकुर समेतले म जाहेरवालाको छोरा संदिप गुप्तालाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने नारायणी अस्पतालको प्रेसक्रिप्सन सहित दिएको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा प्रतिवादीहरु विभिन्न मितिमा यस कार्यालयमा निवेदन सहित हाजिर भई गरेको आंशिक साविती बयान, र आफ्नो भनाई समेत नराखी हालसम्म फरार रही कसुर स्वीकार गरे जस्तो देखिएको समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु रबि कुमार रौनियार, पवन रौनियार गुप्ता, शिवजी प्रसाद गुप्ता, रबि कलवार, भोला साह कलवार, बिरजुलाल रौनियार, राजु गुप्तालाई जरिवाना जनही रु ४८०८।- अक्षरेपी रु चार हजार आठ सय आठ मात्र र अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु १९२।- क्षतिपुर्ति शुल्क असुल गर्ने र फरार प्रतिवादीहरु सन्तोष ठाकुर र रोशन सर्राफलाई जरिवाना जनही रु १०,०००।- अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु ४००।- क्षतिपुर्ति शुल्क असुल गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु रबि कुमार रौनियार, पवन रौनियार गुप्ता, शिवजी प्रसाद गुप्ता, रबि कलवार, भोला साह कलवार, बिरजुलाल रौनियार, र राजु गुप्तालाई ठहरेको जरिवानाको हकमा धरौटी र.नं.८३०,८८,८७,९०,८९,८३१ र ८४३ बाट दाखिला गरेको जनही रु.५०००/-बाट जरिवाना जनही ४८०८।- र क्षतिपुर्ति शुल्क जनही रु १९२।- कट्टा गरी सदरस्याहा गर्नु र फरार प्रतिवादीहरु सन्तोष ठाकुर र रोशन सर्राफलाई ठहरेको जरिवाना जनही रु १०,०००।- अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु ४००।- क्षतिपुर्ति शुल्क असुल गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्र लेख्नु-----------------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना १४ गते सोमवार रोज २/ ने.सं. ११४४ बछलागा चतुर्थी, शुभम् .......